# स्थानीय राजपत्र

स्थानीय सरकार सोलुदुधकुण्ड नगरपालिका, सल्लेरी, सोलुखुम्बु, कोशी प्रदेश, नेपालद्वारा प्रकाशित

| वर्ष ६ | संख्या ७ | २०८१ असार २९ गते |
|---|---|---|


## भाग २

## स्थानीय सरकार

नगर कार्यपालिकाको कार्यालय
सोलुदुधकुण्ड नगरपालिका
सल्लेरी, सोलुखुम्बु
कोशी प्रदेश नेपाल

# सोलुदुधकुण्ड नगरपालिका

सल्लेरी, सोलुखुम्बु

कोशी प्रदेश, नेपाल

कार्यपालिकाबाट स्वीकृत मितिः २०८१/०३/२९

## सोलुदुधकुण्ड नगरपालिकाको एस.ई.ई. परीक्षामा उत्कृष्ट हुने विद्यालय तथा विद्यार्थीलाई प्रदान गरिने पुरस्कार तथा सम्मान सम्बन्धी मापदण्ड, २०८१

# सोलुदुधकुण्ड नगरपालिकाको एस.ई.ई. परीक्षामा उत्कृष्ट हुने विद्यालय तथा विद्यार्थीलाई प्रदान गरिने पुरस्कार तथा सम्मान सम्बन्धी मापदण्ड, २०८१

कार्यपालिकाबाट स्वीकृत मितिः २०८१।०३।२९

**प्रस्तावनाः**

शैक्षिक संस्थालाई व्यवस्थित ढङ्गले सञ्चालन गर्न सोलुदुधकुण्ड नगरपालिका क्षेत्रमा सञ्चालित शैक्षिक सुधारको अभियानलाई सार्थकता प्रदान गर्न, सामूदायिक विद्यालय र विद्यार्थीलाई उत्साह प्रदान गर्नका लागि पुरस्कारको व्यवस्था गर्नका लागि नगरपालिकाबाट प्रदान गरिने सम्मान तथा पुरस्कारलाई व्यवस्थित गर्न, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) तथा सोलुदुधकुण्ड नगरपालिकाको आधारभूत तथा माध्यमिक शिक्षा (प्रथम शंसोधन २०८०) ऐन, २०७५ को दफा ५४ ले प्रदान गरेको अधिकार प्रयोग गरि नगरकार्यपालिकाले यो सोलुदुधकुण्ड नगरपालिकाको एस.ई.ई. परीक्षा पुरस्कार तथा सम्मान सम्बन्धी मापदण्ड, २०८१ निर्माण गरिएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ**

१.१ यस मापदण्डको नाम **"सोलुदुधकुण्ड नगरपालिकाको एस.ई.ई. परीक्षामा उत्कृष्ट हुने विद्यालय तथा विद्यार्थीलाई प्रदान गरिने पुरस्कार तथा सम्मान सम्बन्धी मापदण्ड, २०८१"** रहेको छ।

१.२ यो मापदण्ड नगर कार्यपालिकाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशित भएपछि लागु हुनेछ।

**२. परिभाषाः** विषय वा प्रंसगले अर्को अर्थ नलागेमा यस मापदण्डमा,

क) **"मापदण्ड"** भन्नाले "सोलुदुधकुण्ड नगरपालिकाको एस.ई.ई. परिक्षामा उत्कृष्ट हुने विद्यालय तथा विद्यार्थीलाई प्रदान गरिने पुरस्कार तथा सम्मान सम्बन्धी मापदण्ड, २०८१" लाई सम्झनुपर्छ।

ख) **"नगरपालिका"** भन्नाले सोलुदुधकुण्ड नगरपालिकालाई सम्झनुपर्छ।

ग) **"सामुदायिक विद्यालय"** भन्नाले शिक्षा ऐन तथा नियमावली तथा सोलुदुधकुण्ड नगरपालिकाको आधारभूत तथा माध्यमिक शिक्षा (प्रथम शंसोधन २०८०)ऐन, २०७५ ले निर्दिष्ट गरे बमोजिमका यस नगरपालिका भित्र सञ्चालित सामुदायिक विद्यालयहरुलाई सम्झनुपर्छ।

घ) **"विद्यार्थी"** भन्नाले सोलुदुधकुण्ड नगरपालिकाभित्र रहेका सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थी सम्झनु पर्दछ। यसले कुनै पनि विद्यालयबाट यसै वर्ष एस.ई.ई. उतिर्ण भएका विद्यार्थीलाई समेत सम्झनुपर्छ।

ङ) **"पुरस्कार तथा सम्मान"** भन्नाले एस.ई.ई.मा उत्कृष्ट नतिजा प्राप्त गरे वापत कुनै पनि विद्यालय वा विद्यार्थीलाई प्रदान गरिने नगद, जिन्सी वा सम्मानपत्रलाई सम्झनुपर्छ।

नगर कार्यपालिकाको कार्यालय सल्लेरी, सोलुखुम्बु कोशी प्रदेश नेपाल

## परिच्छेद - २ (दुई)

## अवधारणा तथा उद्देश्य

३) **मापदण्डको अवधारणाः** नगरपालिकाभित्र सञ्चालित सामुदायिक विद्यालयको शैक्षिक वातावरणमा सुधार गरि शैक्षिक गुणस्तरमा सुधार ल्याउनका साथै उत्कृष्ट नतिजा ल्याउने विद्यालय तथा विद्यार्थीलाई निष्पक्ष रुपमा सम्मान तथा पुरस्कार प्रदान गरि विद्यार्थी तथा विद्यालयलाई प्रोत्साहन गर्नु यस मापदण्डको अवधारण रहेको छ ।

४) **मापदण्डको उद्देश्यः** यस मापदण्डका उदेश्यहरु देहाय अनुसार रहेका छन्

क) एस.ई.ई.मा उत्कृष्ट हुने विद्यालय तथा विद्यार्थीलाई प्रदान गरिने सम्मान तथा पुरस्कारलाई व्यवस्थित तथा पारदर्शी बनाउने ।

ख) नगरपालिका क्षेत्रका विद्यालय र विद्यार्थीलाई शैक्षिक क्रियाकलापमा उत्प्रेरित गर्न।

## परिच्छेद - ३ (तीन)

## पुरस्कार तथा सम्मानको मापदण्ड

**५. पुरस्कार तथा सम्मान**

क) नगरपालिकाबाट प्रदान गरिने पुरस्कार तथा सम्मानका लागि छनोट नगरपालिका क्षेत्रभित्र एस.ई.ई.मा सहभागी भई उत्कृष्ट नतिजा हासिल गर्ने सामूदायिक विद्यालयहरुमध्ये एक विद्यालय र तीन जना विद्यार्थीलाई उत्कृष्ट नतिजा (जिपीए)का आधारमा प्रदान गरिनेछ ।

ख) पुरस्कार तथा सम्मान प्राप्त गर्नका लागि ३.० वा सो भन्दा बढी जिपीए प्राप्त गरेको हुनुपर्नेछ ।

## परिच्छेद ४ (चार)

## पुरस्कार तथा सम्मान रकम

**६) सामूदायिक विद्यालय र विद्यार्थीलाई प्रदान गरिने पुरस्कार तथा सम्मान रकम**

क) नगरक्षेत्रभित्रका सामूदायिक विद्यालयले एस.ई.ई.मा सहभागी भई जिल्लाभरिमा प्रथम स्थान प्राप्त गरेमा रु.५,००,०००।- दोस्रो स्थान प्राप्त गरेमा रु.३,५०,०००।- र तेस्रो स्थान प्राप्त गरेमा रु.३,००,०००।– नगद पुरस्कार तथा सम्मानपत्र प्रदान गरिनेछ ।

ख) जिल्ला स्तरमा कुनै स्थान हासिल नभएमा नगरपालिकाभित्रका सामूदायिक विद्यालयहरु मध्येबाट उत्कृष्ट नतिजा प्राप्त गर्ने एक विद्यालयलाई रु.३,००,०००।- नगद तथा सम्मानपत्र प्रदान गरिनेछ ।

ग) नगरक्षेत्रभित्रका सामूदायिक विद्यालयका सबै भन्दा बढी जिपीए प्राप्त गरी प्रथम हुने छात्रः/छात्रालाई रु. ५०,०००।- दोस्रो हुने छात्रः/छात्रालाई रु.४०,०००।- र तेस्रो हुने छात्रः/छात्रालाई रु. ३०,०००।- नगद तथा सम्मानपत्र प्रदान गरिनेछ ।



सोलुदुधकुण्ड नगरपालिका नगर कार्यपालिकाको कार्यालय सल्लेरी, सोलुखुम्बु कोशी प्रदेश नेपाल

## परिच्छेद - ५ (पाँच)
## संशोधन, बचाउ र खारेजी

**७. संशोधन, बचाउ र खारेजी :**

क) यो मापदण्ड संसोधन वा खारेज गर्न आवश्यक देखेमा आवश्यकताका आधारमा जुनसुकै बखत नगर कार्यपालिकाले संशोधन वा खारेज गर्न सक्नेछ ।

ख) यो मापदण्डमा उल्लेख गरिएका कुराहरुको हकमा यस मापदण्ड अनुसार र उल्लेख नभएका हकमा निर्णय गर्ने अधिकार नगर कार्यपालिकालाई हुनेछ ।

सोलुदुधकुण्ड नगरपालिका नगर कार्यपालिकाको कार्यालय सल्लेरी, सोलुखुम्बु कोशी प्रदेश नेपाल